apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १६१ ● पृष्ठ: ४ ● १४ असार २०८३ आइतबार (28 June 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




## नयाँ कमला पुलको नाउँमा खेलवाड

## बैकल्पिक पुल बनाउन मधेश सरकारद्वारा तीन करोड बजेट

✍ रुन्केश कामती/अपन दैनिक
सिरहा, असार १३ गते



मधेशकै लाइफ लाइनको रुपमा रहेको हुलाकी राजमार्ग अन्तर्गत सिरहा-धनुषा जिल्ला जोड्ने कमला नदीमा पक्की पुल अनिवार्य रुपमा चाहिन्छ ।

१५ वर्षदेखि निर्माणधीन पुल भविष्यको लागि दिगो नभएकोले नयाँ पुलको आवश्यकता औल्याउँदै सिरहा र धनुषाका स्थानीयले पटक पटक आन्दोलन पनि गरेको छ । पछिल्लो आन्दोलनको क्रममा मधेश प्रदेश सरकारले बैकल्पिक पुल बनाउने कुरालाई बजेटमार्फत सम्वोधन गरेपनि नागरिकको भावनासँग खेलवाड गरेको छ । यस क्षेत्रका नागरिक कमला नदी जोखिमपूर्ण रुपमा ओहोरदोहर गर्दै आईरहेको छ। तर प्रदेश सरकारले नयाँ पक्की पुल विकल्पको रुपमा बनाउन मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा ३ करोड रुपैयाँ मात्र बजेट विनियोजन गरेको छ । त्यसो त चालु आर्थिक वर्ष २०८२/०८३ मा पनि यही आयोजनाका लागि प्रदेश सरकारले १ करोड रुपैयाँ छुट्याइएको थियो।

करिब डेढ अर्ब रुपैयाँ लागत अनुमान गरिएको नयाँ पक्की पुल बनाउन लगातार दुई आर्थिक वर्षमा जम्मा ४ करोड रुपैयाँ मात्रै विनियोजन गरियो। कमला नदीमा वाढी आएपछि अस्थायी रुपमा सवा करोड लागतमा निर्माण गरिएको डाईभर्सन पनि भाँसिन पुगेको छ । जसले गर्दा दुवै तर्फका नागरिकलाई जोखिमपूर्ण रुपमा नाउँबाट यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । सिरहाबाट प्रदेशको राजधानी जनकपुरधाम पुग्न सजिलो पनि हुने भएकोले नै सयौं मोटरसाईकलयात्रीहरु यसै रुटको प्रयोग गर्दै आईरहेका छन् । डाईभर्सन भासिन अगावै चारपाङे सवारीसधान पनि यसै रुटबाट ओहोरदोहर गर्दै आईरहेको थियो।

डेढ अर्बभन्दा वढी रकमको आवश्कयता भएकोमा प्रदेश सरकारले यस क्षेत्रका नागरिकको भावनामाथि खेलवाड गरेको इन्जिनियर प्रविण यादवले बताए । बहुवर्षिय योजनामा ठेक्का लगाउन पनि कम्तीमा ३०-४० करोड रुपैयाँ विनियोजन गर्नुपर्नेमा प्रदेश सरकारले ललिपप देखाएको इन्जिनियर यादवले बताए । प्रदेशका मुख्यमन्त्री कृष्ण यादवसँगै प्रदेश सभाका अधिकांस सांसदहरुले कमला पुल बनाउन यथोचित बजेट विनियोजन गर्न माग गरेपनि प्रदेश सरकारले वेवास्ता गरेको छ । मधेश प्रदेश सरकारले पनि कमला पुललाई आफ्नो प्रथामिकतामा नराखेकोले पुन: आन्दोलन गर्नुपर्ने अवस्था सृजना गरेको जनमत पार्टीका नेता दिनेश यादवले बताए । प्रदेश सरकारले कमला पुल बनाउन नचाहेकोले बजेटमा प्राथमिकता नदिएको नेता यादवले बताए ।

## संघीयता कसैको कृपाबाट आएको होइन, छेडखानी गरिए प्रतिवाद गर्छौं: उपेन्द्र यादव

✍ अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १३ गते



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीयता पुनरावलोकन र प्रदेश खारेजसम्बन्धी निर्णय कुनै पनि हालत स्वीकार्य नहुने र त्यसको प्रतिवादन गर्ने बताएका छन् ।

शनिबार जसपा नेपालले जनकपुरधाममा आयोजना गरेको मधेश प्रदेशबाट प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार बनेका नेताहरूसँगको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष यादवले संघीय लोकतान्त्रिक गणतन्त्र, प्रदेश व्यवस्था र समावेशितामाथि हुने कुनै पनि प्रकारको प्रहार स्वीकार्य नहुने बताएका हुन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले महाधिवेशनबाट पारित गरेको संघीयता पुनर्संरचना र प्रदेश सभा खारेजको प्रस्ताव कार्यान्वयनमा लगेमा मधेशी जनता र जसपा नेपालले त्यसको प्रतिवाद गर्ने उनले बताए ।

'देशमा संघीयता कसैको दया कृपाबाट आएको होइन । यो सयौं मधेशी जनताको बलिदानीबाट प्राप्त उपलब्धि हो,' यादवले भने, 'यसलाई कसैले छेडखानी गर्न खोजे जसपा नेपाल मात्रै होइन, सम्पूर्ण मधेशी जनता त्यसको प्रतिवाद गर्न सडकमा ओर्लिनेछन् ।'

उनले संघीयताका लागि फेरि एक पटक आन्दोलन गर्न तयार अवस्थामा

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा 'मार्भल' ब्रान्डका नक्कली बोरवेल पाइप बरामद, हार्डवेयर सञ्चालक पक्राउ




✍ अपन दैनिक संवाददाता
सिरहा, असार १३ गते

सिरहामा चर्चित 'मार्भल (Marvel)' ब्राान्डको लोगो दुरुपयोग गरी नक्कली बोरवेल पाइप बिक्री-वितरण भइरहेको आरोपमा प्रहरीले एक हार्डवेयर व्यवसायीलाई पक्राउ गरेको छ । प्रहरीले छापामार कारबाहीका क्रममा विभिन्न साइजका ४२९ थान नक्कली पाइप बरामद गर्दै घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार शनिबार दिउँसो विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले सिरहा नगरपालिका-२०, लगडीगदियानी टोल घर भइ गोलबजार नगरपालिका-४ स्थित डेरा लिई गोलबजार नगरपालिका-६ स्थित निहाल आइरन स्टोर एण्ड हार्डवेयरमा खानतलासी गरेको थियो। उक्त पसलमा 'मार्भल' ब्रान्डको लोगो प्रयोग गरिएका नक्कली बोरवेल पाइप बिक्री भइरहेको सूचनापछि प्रहरीले खानतलासी गरेको जनाएको छ।

प्रहरीका अनुसार पसलबाट ११४ एमएम, ११० एमएम, ९० एमएमको बोरवेल पाईपहरु गरी ६३९ थान

बाँकी पृष्ठ ४ ▸▸

## टुक्रे योजनाको मोहमा मधेश सरकार: अर्थ मन्त्रालय कस्दै, मन्त्रिपरिषद् फुकाउँदै

✍ अपन दैनिक संवाददाता
सिरहा, असार १३ गते




मधेश प्रदेश सरकारमा अनावश्यक क्षेत्रमा खर्च कटौती गरी वित्तीय अनुशासन कायम गर्ने कि वित्तीय कुशासनलाई निरन्तरता दिने भन्ने सवालमा सरकार र अर्थ मन्त्रालयबीच मतभेद देखिएको छ।

आर्थिक वर्षको अन्तिम महिना (असार) मा मात्रै धेरै बजेट खर्च गर्ने, बजेट सक्नकै लागि काम गरिने प्रवृत्ति रोक्न भन्दै मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले २६ जेठमा केही क्षेत्रमा बजेट कटौती गर्ने निर्णय गरेका थिए । उक्त निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय र मातहत निकायमा निर्देशन जारी भयो। तर १२ असारमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय उल्टाइदिएपछि सरकार र अर्थ मन्त्रालयबीच विवाद चुलिएको छ । मन्त्रिपरिषद् बैठकमा अर्थमन्त्री भने उपस्थित थिएनन् ।

२६ जेठमा अर्थ मन्त्रालयको मन्त्रीस्तरीय निर्णयमा १० लाखभन्दा कमका नयाँ योजना कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्रै भुक्तानी गर्ने तथा त्यसपछि सम्झौता भएका योजनाको भुक्तानी रोक्ने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा हुने अनियन्त्रित खर्च र टुक्रे योजनाको विकृति रोक्न यस्तो कदम चालिएको अर्थ मन्त्रालयको भनाइ छ ।

तर अर्थमन्त्री युवराज भट्टराई र अर्थसचिव सेवन्तक पोखरेल काठमाडौं रहेको मौका छोपी मुख्यमन्त्री र अन्य मन्त्रीहरूको सक्रियतामा शुक्रबार

बाँकी पृष्ठ ३ ▸▸



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## जनकपुरमा पेस्तोल र चार राउन्ड गोलीसहित दुई जना पक्राउ

✍ अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १३ गते



जनकपुर उपमहानगरपालिका ९ थापा चोकस्थित एक होटलबाट पेस्तोल र पाँच राउन्ड गोलीसहित दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मुखियापट्टी मुसहरनिया गाउँपालिका ४ मुखियापट्टी बस्ने २० वर्षीय अमन यादव र हंसपुर नगरपालिका ६ सोनीगामा बस्ने १८ वर्षीय सुधिर मुखिया रहेका छन् ।

चेकजाँच गर्ने क्रममा उनीहरूको साथबाट काठको बिँड जडान गरिएको "Eagle Raptor' लेखिएको पेस्तोल एक थान, सोही पेस्तोलको म्यागजिन एक थान, ९ एमएमका एक राउन्ड र

बाँकी पृष्ठ २ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### लागुऔषध तस्करी रोक्न सहकार्य

नेपाल-भारतबीचको खुला सीमा दुई देशबीचको ऐतिहासिक सम्बन्ध, सांस्कृतिक निकटता र आर्थिक गतिविधिको महत्वपूर्ण आधार हो। यही खुला सीमाका कारण दुवै देशका नागरिकबीच आवतजावत सहज भएको छ भने व्यापार, रोजगार, पारिवारिक सम्बन्ध र सामाजिक सहकार्यले पनि निरन्तरता पाएको छ। तर, यही सहजताको दुरुपयोग गर्दै केही आपराधिक समूहले लागुऔषध तस्करी, मानव बेचबिखन, अवैध हतियार ओसारपसार तथा अन्य संगठित अपराधलाई बढावा दिइरहेका छन्। पछिल्लो समय मधेश प्रदेशका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा लगायतका सीमावर्ती जिल्लामा लागुऔषधको अवैध कारोबार चिन्ताजनक रूपमा बढ्दै गएको छ। विशेषगरी भारतबाट औषधीजन्य लागुऔषध, ब्राउन सुगर तथा अन्य प्रतिबन्धित पदार्थहरू अवैध रूपमा नेपाल भित्रिने क्रम बढेको देखिन्छ।

सीमावर्ती क्षेत्रका खुला नाकाहरू, ग्रामीण बाटो र कमजोर निगरानीको फाइदा उठाउँदै तस्करहरूले युवापुस्तालाई लक्षित गरी लागुऔषधको कारोबार विस्तार गरिरहेका छन्। यसको प्रत्यक्ष असर समाजमा बढ्दो लागुऔषध दुरुपयोग, अपराध, हिंसा तथा युवाको भविष्यमा देखिन थालेको छ। लागुऔषधको समस्या कानुनी विषय मात्र होइन, यो सामाजिक, आर्थिक र सार्वजनिक स्वास्थ्यसँग जोडिएको गम्भीर चुनौती हो। कुनै पनि समाजका युवाहरू लागुऔषधको कुलतमा फस्न थाले भने त्यसले परिवार, समुदाय र समग्र राष्ट्रको विकासमा दीर्घकालीन नकारात्मक असर पार्छ। त्यसैले यो समस्यालाई सामान्य सुरक्षा चुनौतीका रूपमा मात्र नभई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा हेर्न आवश्यक छ। यस चुनौतीको सामना गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, भन्सार, राष्ट्रिय अनुसन्धान लगायत सुरक्षा निकायबीच प्रभावकारी समन्वय अपरिहार्य छ। सीमावर्ती क्षेत्रमा संयुक्त गस्ती, सूचनाको आदानप्रदान, आधुनिक प्रविधिको प्रयोग, शंकास्पद गतिविधिमाथि कडा निगरानी तथा तस्करीमा संलग्न गिरोहमाथि कानुनी कारबाहीलाई थप प्रभावकारी बनाउनुपर्छ। आवश्यक परे भारतका सम्बन्धित सुरक्षा निकायसँग पनि समन्वय र सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने देखिन्छ।

सुरक्षा निकायको प्रयास मात्र पर्याप्त हुँदैन। स्थानीय तह, विद्यालय, अभिभावक, नागरिक समाज, सञ्चारमाध्यम तथा सामाजिक संघसंस्थाले पनि लागुऔषधविरुद्ध जनचेतना फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। युवालाई कुलतबाट जोगाउने अभियान, विद्यालयस्तरदेखि नै सचेतनामूलक कार्यक्रम, पुनर्स्थापना सेवाको विस्तार तथा समुदायको सक्रिय सहभागिताले मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ। खुला सीमा नेपाल-भारत सम्बन्धको महत्वपूर्ण विशेषता हो। त्यसलाई समस्याको रूपमा होइन, जिम्मेवारीका साथ व्यवस्थापन गर्नुपर्ने विषयका रूपमा बुझ्नुपर्छ। सीमाको खुलापन कायम राख्दै त्यसको दुरुपयोग रोक्न सकियो भने मात्र यसको वास्तविक लाभ सुरक्षित रहन्छ। लागुऔषध तस्करी नियन्त्रण गर्नु आजको आवश्यकता मात्र होइन, भावी पुस्ताको सुरक्षा र राष्ट्रको भविष्यप्रतिको दायित्व पनि हो। त्यसैले सबै सुरक्षा निकाय, सरकारी संयन्त्र, स्थानीय समुदाय र सरोकारवाला पक्षबीच बलियो सहकार्य, दृढ राजनीतिक इच्छाशक्ति र निरन्तर जनसहभागितामार्फत मात्र लागुऔषधमुक्त समाज निर्माणको लक्ष्य हासिल गर्न सकिन्छ।

### जनकपुरमा पेस्तोल र चार राउन्ड ...........

७.६५ एमएमकेएफका चार राउन्ड गरी पाँच राउन्ड गोली बरामद गरेको हो।

दुवै जनालाई हातहतियारसहित नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# निष्ठा र नियतिका घाउ !



बाटो फरक, भोगाइ फरक र अनुभूति फरक । केही भ्रम, केही सत्य र आशैआशमा अल्झिने जीवनहरू ! यहाँ समय फेरिन्छ, सत्ताहरू फेरिन्छन् तर दूषित राजनीति, कुरीतिग्रस्त समाज र पद्धति विहीन राज्यको चरित्र फेरिँदैन ।

✍ रविन्द्र केसी

'जेन जी' आन्दोलनपछि देशमा निर्वाचनको घोषणा भइसक्केको थियो। चुनाव आउन केही दिनमात्र बाँकी थियो। म काभ्रे जिल्लाको मेरो घरमा थिएँ। अपराह्नतिर मलाई भेट्न मैले पढेको तत्कालीन प्राथमिक विद्यालयका एक जना आदरणीय शिक्षक लौरो टेक्दै मेरो घरमै आइपुग्नुभयो।

पहिला सरको व्यक्तित्व सिनेमाको नायकजस्तै थियो, साथै निडर, बौद्धिक र प्रतिभावान पनि मानिनुहुन्थ्यो। अनुशासनको मामिलामा भने निकै कडा हुनुहुन्थ्यो, त्यसैले पढाइमा मन नलगाउने विद्यार्थीहरूले उहाँलाई मन पराउँदैनथे।

म सामान्य विद्यार्थी थिएँ। यदाकदा बाल-बिजाइँ पनि गर्थें। मलाई पनि सरले मन पराउनुहुन्न जस्तो लाग्थ्यो; उहाँको अगाडि पर्नै डर लाग्थ्यो। सकेसम्म भेट्नै नपरे हुन्थ्यो जस्तो लाग्थ्यो, तर हाम्रो गाउँ एउटै थियो। मेरो प्राथमिक शिक्षा पूरा भएपछि पनि सरसँग भेटघाट त भइरहन्थ्यो, तर ज्यादै संक्षिप्त र औपचारिक मात्र हुने गर्थ्यो।

म अध्ययनको क्रममा गाउँबाट अन्यत्र गएँ। त्यसपछि भने त्यति भेटघाट हुन छोड्यो। समय बिस्तारै हिँड्दै गयो। जसै म परिपक्व हुँदै गएँ, सरप्रतिको मेरो दृष्टिकोण पनि बदलिँदै गयो। तत्कालीन समयमा राज्य पक्षले दिने गरेका हैरानीका बाबजुद स्कूलको शैक्षिक उन्नयनमा सरले पुऱ्याउनुभएको योगदानको बारेमा बुझ्दै गएपछि उहाँप्रतिको सम्मान चुलिँदै गयो। हुन त सीमारहित मानिस त कोही पनि हुँदैन, सरका पनि सीमाहरू त होलान्, तथापि म सरलाई असीम श्रद्धा गर्छु।

सर शिक्षण कर्ममा मात्र सीमित हुनुहुन्नथ्यो। २०४६ सालअघिको भूमिगत कालदेखि नै उहाँ राजनीतिमा पनि होमिनुभएको थियो। समयक्रममा देशमा ठुला-ठुला राजनीतिक परिवर्तन भए, पटक-पटक उहाँको पार्टीले सरकार बनायो। सरसँगै पार्टी सदस्यता लिएका र उहाँले नै राजनीतिक प्रशिक्षण दिएका धेरै अनुज मन्त्री, सांसद र महत्त्वपूर्ण पदहरूमा पुगे, तर सरले केही पनि पाउनुभएन, तथापि पार्टीबाटै विभेद, अपमान र उपेक्षाले निरन्तर अभिशप्त भइरहँदा पनि उहाँको राजनीतिक निष्ठा कहिले पनि डगमगाएन। सदा सर्वथा उहाँ पार्टी र विचारप्रति प्रतिबद्ध रहिरहनुभयो।

मैले सरलाई अभिवादन गरेँ, स्वागत गरेँ। कुर्सीमा आसीन गराएँ। सरको श्वास बढेको थियो, केहीबेर उहाँ बोल्न सक्नुभएन। अलि सहज भएपछि मलाई सोध्नुभयो, 'तपाई कहिले आउनुभएको हो ?'

सरले प्रयोग गर्नुभएको त्यो आदरार्थी शब्द मैले ग्रहण गर्न सकिनँ। विनम्रतापूर्वक असहमति जाहेर गर्दै उहाँलाई नै प्रतिप्रश्न गरेँ, 'तपाईंकै आँखा अगाडि हुर्केको बच्चा त हो नि म ! किन तपाईं भन्नुभएको मलाई सर ?'

उहाँले कुनै प्रतिक्रिया जनाउनुभएन। दुवै हातले आफ्नो अनुहार पुछ्नुभयो। त्यसक्रममा मैले सरका आँखा टिलपिलाएको देखेँ, तर ती रसिला आँखा मेरो प्रश्नको भावनात्मक उभारले भरिएका थिए वा कुनै शारीरिक असङ्गतिले, त्यसको मैले परख गरिनँ। प्रसङ्ग अरू औपचारिक कुराहरूतिर मोडेँ।

त्यस दिन हामीले सँगै बसेर दही खायौँ। घरायसी कुरा पनि गऱ्यौँ। सरले राजनीतिका कुरा निकाल्नुभयो र अप्रत्यक्ष रूपमा मसँग भोट पनि माग्नुभयो। हुन त त्यो अस्वाभाविक पनि थिएन, तर जीवनको चरम उत्तरार्द्धमा पनि सरको त्यो हदसम्मको पार्टी प्रेम देखेर भने मलाई आश्चर्य लाग्यो। उहाँले भोटको कुरा गर्दैगर्दा मेरो मनमा आएको थियो- 'राजनीतिले नागरिकलाई समुन्नत जीवनस्तर दिने, देशमा सुशासन, विकास, समृद्धि ल्याउनु पर्ने होइन ? यतिका वर्षसम्मको उपलब्धि खोइ त ? अब पनि केवल दर्शन र सिद्धान्तका अमूर्त कुराहरू मात्रै गरेर जनता भुलाउन सकिन्छ र ?'

तर मैले केही पनि भनिनँ। मेरो सरप्रतिको अगाध श्रद्धाले त्यो टर्रो प्रश्न गर्ने अनुमति दिएन। कुराकानी चल्दै गयो। सरले आफ्नो जीवनका राजनैतिक आरोह-अवरोहका बारेमा पनि बताउनु भयो, मैले चाख मानेर चुपचाप सुनिरहेँ। छुट्ने बेलामा उहाँले भावुक भएर भन्नुभयो, 'अब एक पटक मलाई हाम्रो पार्टीको सरकार बनेको हेरेर मर्न मन छ...'

म निःशब्द भएँ। भावुक भएँ। हामी बिदाबारी भयौँ। सर खुट्टा खोच्याउँदै जानु भयो। मैले ओझेल नपरुन्जेलसम्म उहाँलाई हेरिरहेँ र मनमनै भने- 'कस्तो विडम्बना सर ! तपाईंले जीवनभरि निष्ठा बोकेर हिँड्नुभयो, तर हाम्रो राजनीतिले कहिल्यै तपाईंहरूको निष्ठा बोकेन। पद, प्रतिष्ठा र पैसाबाहेक हाम्रो राजनीतिले केही पनि देखेन ! तपाईंका ती आदर्श सपनाहरू कहिले पूरा होलान् ? तपाईंकै जीवनकालमा कि फेरि कुनै अर्को युगमा ?'

मेरो त्यो मौन प्रश्न मैले सरलाई नै गरेको थिएँ, तर त्यसले कुनै न कुनै रूपले मसँग पनि सरोकार राख्थ्यो, जसको मसँग कुनै उत्तर थिएन। तीव्र असन्तुष्टि र जिज्ञासामात्रै थियो। जे होस्, त्यसदिन मैले जिल्लामा आफ्नो पार्टीलाई स्थापित गर्न उहाँले गर्नुभएको सङ्घर्ष, त्याग र योगदानको बारेमा धेरै कुराहरू थाहा पाएँ। त्यसपछि उहाँप्रति झन् नतमस्तक भएँ, अन्तर्मनदेखि सलाम गरेँ।

अन्ततः हाम्रो त्यस दिनको भेट राजनैतिक मात्र भएन, भावनात्मक पनि हुन पुग्यो। त्यसले मेरा बाल्यकालका थुप्रै स्मरणलाई पनि छताछुल्ल पारिदियो। सर हिँडेपछि मेरो अवचेतन मन तिनै स्मृतितर्फ गहिरिँदै गयो। मैले गाडी निकालेँ र केही बेरमै दारेगौँडो पुगेँ- जहाँ हाँस्दै खेल्दै मेरो अबोध बालापन फुलेको थियो।

हो, म त्यतिबेला काठमाडौँ विश्वविद्यालय नजिकको दाह्रेगौँडोमा पुगेको थिएँ। मेरो पूर्वपट्टि सल्लाघारी सुसाइरहेको थियो। दक्षिणपट्टिको जङ्गलमा पनि रूखका पालुवाहरू बयली खेलिरहेका थिए। म टहलिँदै गएँ। अलि पर पुगेर भुइँमा बसेँ। वरिपरि हेरेँ; हरियो गलैँचाजस्तै डाँडोलाई जङ्गली घाँसले ढपक्क ढाकेको थियो। वातावरण मनोरम थियो, उत्साहपूर्ण थियो। तर, किन हो, त्यो दाह्रेगौँडो भने मैजस्तै शान्त, व्याकुल र मौन थियो।

बिस्तारै म मेरो सुदूर अतीततर्फ खिचिँदै गएँ। उहिले यहाँ दाप्चा, सिन्धुली, रामेछापतिरबाट आउने भरियाहरू भारी बिसाएर सुस्ताउँथे, ढुङ्गाको चुलो लगाएर ढिँडो पकाएर खान्थे र सुसेली हाल्दै थकाइ मेटाएर बाटो लाग्थे। मेरा ती धमिला सम्झना निक्खर हुँदै गए, भावनाको अर्कै संसारमा पुऱ्याए। म उड्दै गएँ, अकासिँदै गएँ र बालापनको क्षितिजभरि निर्बन्ध फिजारिएँ।

धेरबेरपछि नजर घुमाएर हेरेँ- एकतिर डाँडोमा केही युवा-युवती फोटो खिच्न व्यस्त थिए, अर्कोतिर सिनेमाको छायाङ्कन भइरहेको जस्तो देखिन्थ्यो। त्यो देखेर अचम्म लाग्यो र मनमनै आफैँलाई भनेँ- 'ओहो ! अर्कै पो भइसकेको छ अहिले यो दाह्रेगौँडो पनि !'

समय आफ्नै रफ्तारमा थियो। म पुनः मेरै अतीततिर फर्किएँ, सम्झिँदै गएँ- केटाकेटी हुँदा हामी यहाँ गाईबाख्रा चराउन आउँथ्यौँ। ऐँसेलु, चुत्रो, काफल टिपेर खान्थ्यौँ। डन्डीबियो खेल्थ्यौँ। सल्लीपिरमा चिप्लेटी खेल्थ्यौँ। तित्रा, कालिजहरू लखेट्थ्यौँ। ढुकुर, जुरेलीका बच्चा समाएर घर ल्याउँथ्यौँ। कहिलेकाहीँ जङ्गली सुगा पनि फेला पार्थ्यौँ। तिनै मुलायम यादहरूलाई स्पर्श गर्दागर्दै मलाई समयले निकै पछाडि छोडिसकेको अनुभूति भयो र मनमनै आफैँलाई भने- 'ओहो ! कति छिटो दौडिएछ यो जिन्दगी !'

हुन त म पहिला पनि यहाँ फाट्टफुट्ट आउँथेँ, तर पहिला र अहिलेको आगमनमा धेरै अन्तर छ। आज समयमात्रै बदलिएको छैन, मेरो परिस्थिति र म आफैँ पनि बदलिएको छु। उमेर घर्किंदै छ, कपाल तिलचामल भइसकेको छ। पहिलाको जस्तो समयको दबाब छैन, न मनमा कुनै किसिमको बोझ नै छ। केवल आफ्ना पुराना अनुभूतिहरूसँग समभावमा बाँच्ने गहिरो तृष्णामात्र छ।

उमेरको यस मोडसम्म आइपुग्दा जिन्दगीमा धेरै कुरा बदलिसकेका हुने रहेछन्। कैयौँ सामाजिक सम्बन्ध टुटिसक्दा रहेछन्। कतिलाई आफैँले जोगाउन सकिँदो रहेनछ, कति अरूका कारणले टुट्दा रहेछन्। पद र प्रतिष्ठा देखेर जोडिन आइपुगेकाहरू पदसँगै छोडेर जाँदा रहेछन्। स्वार्थका सम्बन्धहरू स्वार्थ पुरा भएपछि वा पुरा नहुने देखेपछि टाढिँदा रहेछन्। यस्तो बेलामा मान्छे आफ्ना पुराना पदचापहरू पछ्याउदै जाँदो रहेछ, आफैँ जन्मेको माटोतिर क्रमशः तानिँदो रहेछ।

जीवनमा धेरै मानिसले मनन नगर्ने एउटा सत्य के रहेछ भने- 'यात्रा जस्तोसुकै लामो होस्, पुगिने आफैँदेखि आफैँसम्म मात्रै रहेछ ! संसार जित्ने विभ्रम पनि कुनै दिन आफ्नै अन्तस्करणमा पुगेर ढल्दो रहेछ। त्यसपछि मात्रै जीवनको वास्तविक अर्थ खुल्दो रहेछ, जुन पहिलेको भन्दा पनि बिछ्ट्टै सुन्दर, शान्त र सौम्य हुँदो रहेछ।'

निकैबेरसम्म म आफ्नो स्मृति र अनुभूतिको दोसाँधमा उभिएँ। कहिले स्मृतिको आँखाबाट वर्तमानलाई हेरेँ, कहिले वर्तमानबाट आफ्नो विगतलाई चिहाए। यसक्रममा मैले आफ्नै जीवनका थरिथरिका रङ्गहरू देखेँ। कहिले रोमाञ्चित भएँ, कहिले विस्मित भएँ। घाम ओरालो लाग्न थालेपछि विस्तारै त्यहाँबाट बाटो लागेँ।

गाडी अगाडि बढ्दै गयो, तर म भने दाह्रेगौँडो मै अडिएँ। कहिले टाँकीको

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** आजको दिन अलि सतर्क रहनुपर्ने देखिन्छ। स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ।

**बृष :** आजको दिन आनन्ददायी र उत्साहजनक रहनेछ। जीवनसाथी वा व्यापारिक साझेदारबाट राम्रो सहयोग मिल्नेछ।

**मिथुन :** आजको दिन तपाईंका लागि अनुकूल र सफलतादायक रहनेछ।

**कर्कट :** आजको दिन बौद्धिक र रचनात्मक कार्यका लागि उत्तम छ।

**सिंह :** आजको दिन केही मानसिक तनाव वा अशान्ति बढ्न सक्छ।

**कन्या :** आज तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। छोटो दुरीको लाभदायक यात्राको सम्भावना छ।

**तुला :** आजको दिन आर्थिक दृष्टिकोणले राम्रो रहनेछ। आकस्मिक धन लाभ हुने वा रोकिएको पैसा हात पर्ने योग छ।

**वृश्चिक :** आजको दिन तपाईंको लागि उत्साहजनक र ऊर्जावान् रहनेछ।

**धनु :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले आर्थिक कारोबारमा ध्यान दिनुहोला।

**मकर :** आजको दिन तपाईंको लागि निकै फलदायी रहनेछ। विभिन्न माध्यमबाट आयआर्जन बढ्नेछ।

**कुम्भ :** आज कार्यक्षेत्रमा ठुलो सफलता वा पदोन्नतिको सम्भावना छ।

**मीन :** आज तपाईंको भाग्यले साथ दिनेछ। धार्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नुका साथै तीर्थयात्राको योग बन्न सक्छ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# ८५ वर्षदेखि लालपुर्जाविहीन राजविराजः बिटौरी जग्गाधनीको आन्दोलन ४२औँ दिनमा




अपन दैनिक संवाददाता
राजविराज, असार १३ गते

राजविराज नगर स्थापना भएको ८५ वर्ष बितिसक्दा पनि बिटौरी जग्गामा बसोवास गर्दै आएका हजारौं परिवार अझै जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) प्राप्त गर्नबाट वञ्चित छन्। हकभोग गर्दै आएको जग्गाको स्वामित्व सुनिश्चित गर्न माग गर्दै स्थानीयवासीले थालेको आन्दोलन शनिबार ४२औं दिनमा पुगेको छ।

आन्दोलनरत पक्षले राजविराज स्थापनाकालदेखि बसोवास गर्दै आएका नागरिकलाई हकभोगका आधारमा लालपुर्जा उपलब्ध गराउनुपर्ने एकसूत्रीय माग राख्दै आएको छ। उनीहरूले लालपुर्जा वितरणको स्पष्ट सुनिश्चितता नभएसम्म आन्दोलन जारी रहने बताएका छन्।

स्थानीय ७० वर्षीय बिन्देश्वर साहका अनुसार वि.सं. १९९८ मा राजविराज नगर स्थापना हुँदा तत्कालीन सदरमुकाम हनुमाननगरबाट नागरिकलाई स्थानान्तरण गरी बिटौरी जग्गामा व्यवस्थित रूपमा बसोवास गराइएको थियो। कर्मचारी आवासका लागि छुट्याइएको १० बिघासहित करिब ७० बिघा क्षेत्रका पाँच हजारभन्दा बढी परिवार अहिले पनि लालपुर्जाको प्रतीक्षामा छन्।

स्थानीय सचिन्द्र दासले सुरुदेखि नै नगरवासीले सरकारलाई बिटौरी कर तथा अन्य राजस्व नियमित रूपमा बुझाउँदै आएको बताए। थानसिंह भन्सालीका अनुसार वि.सं. २०१६ देखि बिटौरी कर उठाउन थालिएको थियो भने वि.सं. २०२८ को नापी अभिलेखमा सम्बन्धित जग्गा ब्लक जग्गाको रूपमा कायम गरिएको छ।

स्थानीयवासीका अनुसार विगतमा बिटौरी रसिदकै आधारमा जग्गा खरिद-बिक्री, धितो, बैंकिङ कारोबार तथा अंशबण्डासमेत हुने गरेको थियो। पछिल्ला वर्षमा ती सबै प्रक्रिया रोकिएपछि आफ्नै जग्गाको पूर्ण उपभोग गर्न नपाएको उनीहरूको गुनासो छ।

दिनेश गुप्ताका अनुसार वि.सं. २०६८ मा भोगचलन तथा बिटौरी

बाँकी पृष्ठ ४ ▶▶
बाँकी पृष्ठ ४ ▶▶

# मधेशमा किन भयो अर्थमन्त्री स्वर्णिमको पुत्ला दहन ? यस्ता छन कारण



अपन दैनिक संवाददाता
रौतहट, असार १३ गते

मधेश प्रदेशमा अर्थमन्त्री डाक्टर स्वर्णिम वाग्लेको पुत्ला दशन भएको छ। जनअधिकार पार्टीका नेता तथा कार्यकर्ताले रौतहटको गौरमा अर्थमन्त्री वाग्लेको पुत्ला दहन गरेका हुन्।

फोरमका नेता सञ्जय यादवको नेतृत्वमा वाग्लेको पुतला दहन गर्दै सहभागीहरुले संघीयताको मर्म विपरित अभिव्यक्ति दिएकोमा आक्रोश पोखेका छन। उनीहरुले संघीयता कसैको निगाहमा प्राप्त नभएको र निगाहमा जान नसक्ने भन्दै कडा आक्रोश पनि पोखेका छन्।

विरोध प्रदर्शनमा 'मधेसी एकता जिन्दावाद' लगायत नारा लगाइएको थियो। प्रदर्शनकारीहरूले संघीय व्यवस्था कमजोर पार्ने अभिव्यक्ति र गतिविधि स्वीकार्य नहुने चेतावनी दिएका छन्। रास्वपाको महाधिवेशनमा वाग्लेले प्रदेश खारेज गर्नेसहितको शासकीय स्वरुप सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। सोही विरोधमा उहाँको पुत्ला दशन गरिएको हो।

## टुक्रे योजनाको मोहमा मधेश सरकारः अर्थ मन्त्रालय ...........

मन्त्रिपरिषद् बैठकले उक्त निर्णय उल्टाइएको हो। मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रिपरिषद्को बैठकमा एकल प्रस्ताव ल्याएपछि चालु आर्थिक वर्षमा १० लाखमुनिका टुक्रे बजेट खर्च गर्न पाउने गरी अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जनाए।

'मन्त्रिपरिषद्या अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय खारेज गर्ने एउटा मात्र निर्णय भएको छ,' महतोले भने, नियम कानुनअनुसार हुने होला। अब अर्थ मन्त्रालयमा मन्त्रिपरिषद्को बैठकको निर्णय जान्छ।' मन्त्री महतो अर्थमन्त्री भट्टराईकै पार्टी नेकपाका हुन्। नेकपाका चार मन्त्री छन्। तीमध्ये पर्यटनमन्त्री कनिष पटेलबाहेक सबै बैठकमा उपस्थित भएको मन्त्री महतोले बताए। मन्त्रिपरिषद् बैठक बोलाएको र आफू जनकपुरमै भएकाले गएको मुख्यमन्त्री यादवले सुनाए। 'जे निर्णय भएको छ, अब कानुनसम्मत नै भएको होला,' उनले भने, 'म पार्टीभन्दा जनताको चाहनाअनुसार हिँड्ने मान्छे हुँ।'

चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तभित्र खर्च गरिसक्नुपर्ने १० लाखमुनिका आयोजनामा झन्डै ३ अर्ब रकम विनियोजन भएको थियो। अर्थमन्त्री भट्टराईले त्यस्ता रकम पूर्ण रूपमा बन्देज लगाएका थिए। 'भ्रमण, नयाँ गाडी खरिद, मर्मतसम्भार, अनुदान र अनुगमनलगायत नाममा हुने फजुल खर्च रोक्ने मेरो प्रयास हो,' भट्टराईले भने, 'सुशासन कायम गर्न खोजेको हुँ। तर साथीहरूले अर्थको निर्णय उल्टाइदिएछन्। विस्तृत मकहाँ आइपुगेको छैन।'

सत्ता गठबन्धन हेरफेर भएपछि मधेशको अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका नेकपाका संसदीय दलका नेतासमेत रहेका अर्थमन्त्री भट्टराईले २६ जेठको मन्त्रीस्तरीय निर्णय गर्दै आर्थिक वर्षको अन्त्यमा हुने विकृति रोक्न कडा कदम चालेका थिए। जसमा १० लाख रुपैयाँसम्मका साना तथा टुक्रे योजना कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भइसकेका योजनाको मात्रै भुक्तानी गर्ने, २५ जेठपछि सम्झौता भएका वा सम्झौता हुन बाँकी रहेका कुनै पनि योजनाको भुक्तानी नगर्ने जस्ता निर्णय भएको अर्थ मन्त्रालयको भनाइ छ।

अर्थको निर्णय कार्यान्वयन गर्न मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान र अन्य निकायलाई परिपत्र गर्दै १० लाख रुपैयाँसम्मका योजना कार्यान्वयन नगर्न निर्देशन दिएको थियो। साथै २५ जेठसम्म सम्झौता भएका योजनाको मात्रै भुक्तानी गर्नसमेत भनिएको थियो।

चालु आर्थिक वर्षको अन्तिम महिनामा बजेट सिध्याउने नियतले गरिने जथाभावी खर्च र टुक्रे योजनाको विकृति रोक्न यस्तो निर्णय गरिएको अर्थ मन्त्रालयको दाबी छ। अर्थमन्त्री भट्टराईको निर्णय सार्वजनिक भएलगत्तै मन्त्रिपरिषद्का अन्य सदस्य र सत्तारूढ दलका सांसद असन्तुष्ट थिए। आर्थिक वर्षको अन्त्यमा आफ्ना निर्वाचन क्षेत्रका साना योजना रोकिँदा जनतामा नकारात्मक सन्देश जाने भन्दै मन्त्रीहरूले अर्थमन्त्रीको कदमको विरोध गरिरहेका थिए। मन्त्रिपरिषद्को यो निर्णयले खर्चमा मनपरी बढ्ने र तालिम गोष्ठी जस्ता रोकिएका कार्यक्रमले निरन्तरता पाउने भएको छ।

साना योजना रोकिँदा विकास निर्माण ठप्प हुने र जनताको आवश्यकता पूरा नहुने भएकाले मन्त्रिपरिषद्बाट उक्त निर्णय उल्ट्याउनुपरेको मुख्यमन्त्री कृष्णप्रसाद यादवको दाबी छ। 'जुन योजना १० लाखभन्दा तलका छन्, तिनमा काम नगरी नहुने छ भने त्यस्ताको हकमा मात्र हामीले निर्णय गरेका हौं। नयाँ आर्थिक वर्षदेखि टुक्रे योजना एउटा पनि हुँदैनन्,' उनले भने, 'जनताको हितमा हुने खालेका धेरै साना योजना परेका छन्। तिनको हकमा निर्णय भएको हो। यसमा सत्ताका सहभागी सबै पार्टीका साथीको सहमति छ।'

मधेशमा आर्थिक वर्षको अन्त्य (असार) मा उपभोक्ता समिति गठन गरेर १० लाखभन्दा साना टुक्रे योजनामा बजेट बाँड्ने र व्यापक भ्रष्टाचार हुने गरेको आरोप लाग्दै आएको छ। अर्थमन्त्री भट्टराईले यही टुक्रे संस्कृतिमाथि प्रहार गर्न खोजेका थिए। तर मधेशको तरल राजनीति र सत्ता जोगाउने दबाबबीच मुख्यमन्त्री यादवले सुशासनभन्दा राजनीतिक व्यवस्थापनलाई प्राथमिकता दिएको देखिन्छ।

मन्त्रिपरिषद्को कार्यविधिअनुसार अर्थ मन्त्रालयसँग जोडिएको नीतिगत निर्णय उल्ट्याउँदा सम्बन्धित मन्त्रीको उपस्थिति वा सहमति अनिवार्य मानिन्छ। तर अर्थमन्त्री भट्टराईकै अनुपस्थितिमा भएको यो निर्णयले मधेश सरकारभित्रको गठबन्धन कति कमजोर र अविश्वासिलो जगमा उभिएको छ भन्ने विषयलाई पुनः पुष्टि गरेको छ।

पर्यटनमन्त्री कनिषले पनि नयाँ आर्थिक वर्षको बजेटमा नभई यसै आर्थिक वर्षको अन्तमा जुन पहिला नै छुट्याइएका साना योजना जुन नगरी नहुने छन्, तिनको हकमा मात्र निर्णय भएको दाबी गरे।

अनावश्यक खर्च कटौती गर्ने अर्थ मन्त्रालयको निर्णयअनुसार मसलन्द तथा कार्यालय सामग्री शीर्षकमा विनियोजित बजेटमध्ये २५ जेठयता खर्च हुन बाँकी रकममा ३० प्रतिशत कटौती गर्ने र भ्रमण, पत्रपत्रिका छपाइ, सार्वजनिक सम्पत्तिको मर्मतसम्भार, कार्यक्रम खर्च, वृक्षरोपण, अन्यलगायत १२ शीर्षकमा बचेको रकममा ५० प्रतिशत कटौती गर्ने उल्लेख छ।

पुस्तक तथा सामग्री खर्च, इन्धन अन्य प्रयोजन, सूचना प्रणाली सफ्टवेयर सञ्चालन खर्च, कर्मचारी तालिम खर्च, पुँजीगत सुधार खर्च, अन्य सामाजिक सहायतालगायत १२ शीर्षकको बाँकी रकममध्ये सबै खर्च रोक्ने अर्थको निर्णय छ। अन्य सार्वजनिक निर्माणमा स्वीकृत आयोजना तथा कार्यक्रममध्ये सुरु विनियोजित रकम १० लाख वा त्यसभन्दा कमका आयोजनाको बजेट रोक्का गर्ने निर्णय पनि अर्थ मन्त्रालयले गरेको थियो।

# कार्बन उत्सर्जन न्यूनीकरणबारे आदिवासी पत्रकारलाई प्रशिक्षण



अपन दैनिक संवाददाता
बारा, असार १३ गते

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मा आबद्ध मधेश र लुम्बिनी प्रदेशका पत्रकारलाई कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार तथा वन संरक्षणबापत प्राप्त हुने लाभांश वितरणसम्बन्धी विषयमा क्षमता अभिवृद्धि प्रशिक्षण प्रदान गरिएको छ।

बाराको सिमरामा शनिबार आयोजित 'नेपालमा वन उपयोग, व्यवस्थापन अधिकार तथा प्राकृतिक स्रोत सुशासनमा आदिवासी पत्रकारको क्षमता अभिवृद्धि' विषयक प्रादेशिक कार्यशालामा उक्त प्रशिक्षण दिइएको हो। कार्यक्रममा करिब १२० जना आदिवासी पत्रकारको सहभागिता रहेको छ।

कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सहसचिव तथा रेड प्लस कार्यक्रमका प्रमुख नवराज पुडासैनी, ग्रामीण पुनर्निर्माण संस्था नेपाल (आरआरएन) का कार्यकारी निर्देशक डा. नेत्र तिमिल्सिना, वनविज्ञ रुपेश कालाखेती, पत्रकार खिम घले तथा डिजिएम नेपालकी कार्यक्रम संयोजक साधना लिम्बूले विभिन्न विषयमा प्रशिक्षण दिएका थिए।

सहसचिव पुडासैनीले नेपालको वन संरक्षणमा आदिवासी समुदायको उल्लेखनीय योगदान रहेको उल्लेख गर्दै वन जोगाएबापत प्राप्त हुने लाभांशमा उनीहरूको प्राथमिक हक रहने बताउनुभयो। लाभांश संस्थागत माध्यमबाट वितरण गर्ने कार्ययोजना रहेको जानकारी दिँदै उहाँले रेड प्लस कार्यक्रमको मुख्य उद्देश्य वन विनाश न्यूनीकरण, कार्बन उत्सर्जन घटाउने, वन कार्बन सञ्चिति संरक्षण, दिगो वन व्यवस्थापन तथा कार्बन व्यापारमार्फत मुलुकको आम्दानी वृद्धि गर्नु रहेको स्पष्ट पार्नुभयो।

उहाँका अनुसार विश्वका १९५ राष्ट्रले कार्बन उत्सर्जन न्यूनीकरणलाई साझा एजेन्डाका रूपमा अघि बढाइरहेका छन्। नेपालले वन संरक्षणबापत सन् २०२५ मा पहिलोपटक एक अर्ब ३४ करोड रुपैयाँ प्राप्त गरेको र उक्त रकम लक्षित समुदायसम्म संस्थामार्फत वितरण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

आरआरएनका कार्यकारी निर्देशक डा. नेत्र तिमिल्सिनाले विश्व बैंकबाट प्राप्त लाभांश लक्षित समुदायसम्म पारदर्शी र न्यायोचित रूपमा पुर्याउन स्पष्ट कार्यविधिको आवश्यकता रहेको बताउनुभयो। लाभांश वितरण प्रक्रियाबारे समुदायमा अझै पर्याप्त जानकारी नपुगेकाले पत्रकारले समाचार, विश्लेषण र फिचरमार्फत जनचेतना अभिवृद्धि गर्नुपर्ने उहाँको सुझाव थियो।

वनविज्ञ रुपेश कालाखेतीले रेड प्लस कार्यक्रम वन विनाश तथा वन क्षयीकरण घटाउने, वन संरक्षण र दिगो व्यवस्थापनमार्फत कार्बन उत्सर्जन न्यूनीकरण गर्ने अन्तर्राष्ट्रिय प्रयासको हिस्सा भएको बताउनुभयो। नेपालले वन संरक्षणबापत पहिलोपटक प्राप्त गरेको रकमको न्यायोचित वितरण हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) का उपाध्यक्ष अमृत सुनुवारले वन संरक्षणमा आदिवासी समुदायको योगदान सबैभन्दा बढी भएकाले लाभांश वितरणमा पनि उनीहरूको प्राथमिक अधिकार सुनिश्चित हुनुपर्ने धारणा राख्नुभयो।

पत्रकार खिम घलेले जलवायु परिवर्तन, दिगो वन व्यवस्थापन तथा कार्बन उत्सर्जन न्यूनीकरणजस्ता विषयमा सञ्चारमाध्यमले निरन्तर समाचार, विचार र फिचर प्रकाशन-प्रसारण गरी समाजलाई सुसूचित गर्नुपर्ने बताउनुभयो। जलवायु परिवर्तनको असर आदिवासी समुदायले बढी भोगिरहेकाले

बाँकी पृष्ठ ४ ▶▶


# हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३०००२३६३ | सिबरित देवी यादव | सुखिपुर ०४ सिराहा |
| 2. | PLI१३३०००१६३ | राज कुमार यादव | सुखिपुर ०४ सिराहा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९



## बिमा लेख हरायो

मिति २०८३/०१/०७ मेरो निम्न व्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलिसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : प्रदिप कुमार गुप्ता
ठेगाना : लहान-७, सिरहा
पोलिसी नं.: २२०००७४३९



## बिमा लेख हरायो

मिति २०८३/०१/०७ मेरो निम्न व्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलिसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : श्याम सुन्दर गुप्ता
ठेगाना : लहान-७, सिरहा
पोलिसी नं.: २२०००७४४०

## निष्ठा र नियतिका ...............

रूख चढेर गाईबाख्रालाई स्याउला खसाल्दै गरेको आफ्नै सम्झनामा अल्झिएँ, कहिले खुकुलो कट्टु मास्तिर सार्दै बाख्रा धपाउँदै गरेको आफ्नै लिखुरे छायामा हराएँ। सम्झनाका लस्करहरू मानसपटलमा तँछाडमछाड गरि नै रहे, सबैलाई मायालु स्पर्श गर्दै अगाडि बढ्दै गएँ।

बीपी राजमार्ग छोडेर सल्लाघारीको बाटोतिर लागेँ र तीनढुङ्गे देवीथानमा पुगेर रोकिएँ। पहिला त्यहाँ ठुला-ठुला तीन वटा ढुङ्गा थिए। स्थानीयहरू तिनलाई साक्षात् देवी मान्थे, पूजाआजा गर्थे। हामी पनि गाईवस्तु हराए भने त्यहीँ गएर प्रार्थना गर्थ्यौं। अहिले त्यहाँ चिटिक्कको मन्दिर बनेको रहेछ, उक्लिने-ओर्लिने सिँढी पनि बनेछन्। पहिलाभन्दा निकै व्यवस्थित भएको आफ्नो त्यो प्यारो ठाउँ देखेर म प्रसन्न भएँ।

मन्दिर दर्शन गरेर बाटो लागौं भन्ने सोच्दै थिए, पाँच-सात वटा बाख्रा धपाउँदै एउटी महिला मेरो अगाडिबाट जाँदै गरेको देखेँ। एउटा हातमा मसिनो लौरो लिएकी, काखीमा निगालोको सानो बिटो च्यापेकी उनलाई चिनेजस्तो पनि लाग्यो, तर यकिन भएन। सोच मग्न भएँ। दिमागमा निकै बल लगाएपछि, उनी देवी दिदी हुन् भनेर चिनेँ। चिनेपछि निकै खुसी लाग्यो, तर उनको त्यो जीर्ण काया देखेर भने भित्रभित्रै मन कुँडियो।

दिदी पर पुगिसकेकी थिइन्। चर्को स्वरले बोलाएँ। उनले फर्केर हेरिन्। म लम्केर नजिकै पुगेँ। एकछिन दुवै जना आश्चर्यमा पर्‍यौं। बोल्न सकेनौं। उनका आँखा रसाउँदै गए। मेरो अवस्था पनि त्यस्तै भयो। त्यो भारी मौनता तोड्दै उनले गह्रौं आवाजमा भनिन्, 'बाँचिराखे भेट हुँदो रहेछ है बाबु !'

मेरो वाक् फुटेन, केवल फिका हाँसो हाँसेँ। के भनौं, कसो गरौं जस्तो भयो। पहिला उनी चुरोट पिउँथिन्, त्यही कुरा झट्ट सम्झिएँ र खल्तीबाट चुरोटको बट्टा निकालेर उनीतिर बढाएँ। उनले पनि पहिलाकै जस्तो आत्मीय भावले एउटा चुरोट निकालिन्। मैले लाईटर बालिदिएँ। हामी अलि पर गएर सल्लेपिर ओछ्याएर बस्यौं। उनले चुरोटको लामो सर्को तानिन्, धुवाँ फालिन् र व्यथित भावले सोधिन्- 'पहिला कहिल्यै मलाई सम्झिन्थिस् ? मरिसकी होली कि जिउँदै छे, के भन्ठान्थिस् बाबु ?'

उनको प्रश्न सुनेर म नाजवाफ भएँ, वास्तवमा मलाई उनको त्यति सम्झना त आउँदैनथ्यो, तर पनि मैले उनको मन राख्ने गरी जबाफ दिएँ- 'के भनेकी दिदी तिमीले ? म बराबर तिम्रो खबर लिन्थेँ नि ! हामी सँगै गोठाला जान्थ्यौं, तिमी नाइके जस्तै थियौ; कहिले गाली गर्थ्यौ, कहिले माया गर्थ्यौं। भुटेका मकै-भटमास, नरिवल-छोहडा दिन्थ्यौ। तिमी नआएको दिन हामीहरू घरैमा गएर तिमीलाई बोलाउँथ्यौं... यति प्यारो मानिसलाई पनि कहिल्यै बिर्सिइन्छ र !'

जसै म बोल्दै गएँ, उनको कान्तिहीन अनुहार कालो-कालो हुँदै गयो। अघि रसाएका उनका गहहरू फेरि मेरा शब्दहरूले डम्म भरिए। उनले चुरोटको अर्को लामो सर्को तानिन् र मनको गाँठो फुकाउँदै गइन्- 'के गर्नु बाबु ! जिन्दगी, तैंले-हाम्ले उबेला भाँडाकुटी खेलेको जस्तो हुँदो रहेनछ, बाँच्न त मर्नभन्दा पनि निकै कठिन पो हुँदो रहेछ ...'

दुवै हातले आँसु पुछ्दै उनले भन्दै गइन्, 'बिहेको अर्थ पनि नबुझ्ने उमेरमा माइतीले बाबुभन्दा पनि जेठो मान्छेसँग बिहे गरेर पठाइदिए... बिहे गरेको दुई-चार वर्षमै उनी बितिहाले। कुन बेला मेरो बिहे भयो, कुन बेला विधवा भएँ, मैले पत्तै पाइनँ ! त्यसपछि न घर गरेर खान सकेँ, न माइतीको माया पाएँ... सबैतिरबाट परित्यक्त भएँ। धेरै वर्ष भयो, माइतीले एउटा सानो कटेर बनाइदिएका छन्, त्यसैमा बस्छु। यिनै बाख्रापाठा हेरेर काल पर्खिन्छु।'

त्यसपछि उनी बोल्न सकिनन्। म पनि स्तब्ध भए। साँझ पर्न लागिसकेको थियो।

## ११ महिनामा मधेश प्रदेशमा सवारी दुर्घटनाबाट ४८५ जनाको मृत्यु




**अपन दैनिक संवाददाता**
**रौतहट, असार १३ गते**

चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा मधेश प्रदेशमा ७ हजार ३१७ सवारी दुर्घटना हुँदा ४८५ जनाको मृत्यु भएको छ। यस्तै १० हजार ९५७ जना घाइते भएका छन्।

यद्यपि मृतक र घाइतेको सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कमी आएको प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।

प्रादेशिक ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रवक्ता डीएसपी नवराज न्यौपानेका अनुसार अधिकांश दुर्घटना मानवीय लापरबाहीका कारण हुने गरेका छन्। उनले भने, 'दुर्घटनाको सङ्ख्या अझै उच्च रहे पनि मृतक र घाइतेको सङ्ख्यामा कमी आउनु सकारात्मक सङ्केत हो। दुर्घटना न्यूनीकरणका लागि चालक, यात्रु तथा सर्वसाधारणमा ट्राफिक सचेतना अभिवृद्धि, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन र नियमित निगरानीलाई थप प्रभावकारी बनाएका छौँ।'

कार्यालयका अनुसार चालु आर्थिक वर्षको जेठ मसान्तसम्म भएका ७ हजार ३१७ दुर्घटनामध्ये ७ हजार २०० दुर्घटना मानवीय लापरबाहीका कारण भएका हुन्।

गत आर्थिक वर्षभर मधेश प्रदेशमा ७ हजार ४४३ सवारी दुर्घटना हुँदा ५६४ जनाको मृत्यु र १२ हजार १२३ जना घाइते भएका थिए। चालु आर्थिक वर्षको ११ महिनाको तुलनात्मक अवधिमा मृत्यु हुनेको सङ्ख्या ३२ र घाइते हुनेको सङ्ख्या १५५ ले घटेको तथ्याङ्कले देखाएको छ।

ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथिको कारबाहीबाट पनि उल्लेख्य राजस्व सङ्कलन भएको छ। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म १ लाख ८५९ सवारी साधनमाथि कारबाही गर्दा १० करोड १३ लाख १८ हजार १५९ रुपैयाँ राजस्व सङ्कलन भएको छ। यस्तै, यातायात व्यवस्था कार्यालयमार्फत ६३३ सवारी साधनमाथि कारबाही गर्दा १ करोड १२ लाख ४६ हजार ५९९ रुपैयाँ राजस्व सङ्कलन भएको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**

## कार्बन उत्सर्जन न्यूनीकरणबारे आदिवासी पत्रकारलाई ............

पत्रकारितामार्फत उनीहरूको आवाज उठाउनुपर्ने उहाँको भनाइ थियो।

डिजिएम नेपालकी कार्यक्रम संयोजक साधना लिम्बूले विश्व बैंकको सहयोगमा सञ्चालन भइरहेको कार्यक्रमबारे लक्षित समुदायमा अझै पर्याप्त जानकारी नपुगेकाले पत्रकारमार्फत जनचेतना फैलाउने उद्देश्यले कार्यशाला आयोजना गरिएको बताउनुभयो।

फोनिजका संघीय अध्यक्ष लक्की चौधरीको अध्यक्षतामा आयोजित दुईदिने कार्यशाला आइतबारसम्म सञ्चालन हुने आयोजकले जनाएको छ।

## ८५ वर्षदेखि लालपुर्जाविहीन राजविराज ..............

करको आधारमा नापी सम्पन्न भई कानुनी प्रक्रिया समेत पूरा गरिएको थियो। त्यसपछि वडा कार्यालयको सिफारिसका आधारमा केही व्यक्तिले लालपुर्जा प्राप्त गरिसकेका छन्। राजविराज नगरपालिकाले पनि नगरपरिषद्को निर्णयअनुसार लालपुर्जा वितरणका लागि सम्बन्धित निकायमा पत्राचार गरिसकेको जनाएको छ।

आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले नापी कार्यालयले लालपुर्जा वितरणसम्बन्धी जानकारीपत्र जारी गरिसकेको भए पनि वितरण प्रक्रिया रोकिएको बताए। कुनै औपचारिक रोक आदेश नभएको अवस्थामा पनि प्रक्रिया अघि नबढाइएको भन्दै तत्काल वितरण सुरु गर्नुपर्ने उनको माग छ।

**विभिन्न स्वरूपमा आन्दोलन**

लालपुर्जाको माग गर्दै स्थानीयवासीले नगरपालिकामा तालाबन्दी, रिले अनसन, धर्ना, अर्धनग्न प्रदर्शन, टर्च लाइट बाल्ने, गुलाब वितरण, सिटी बजाउने तथा नक्कली घर प्रदर्शनजस्ता सांकेतिक आन्दोलन गर्दै आएका छन्। आन्दोलनका क्रममा प्रहरीले नगरपालिकामा लगाइएको ताल्चा खोलेर आन्दोलनकारी हटाएको तथा लाठीचार्ज गरेको आरोपसमेत स्थानीयवासीले लगाएका छन्।

आन्दोलनकारीले 'एउटै नारा, एउटै आवाज, हाम्रो प्यारो राजविराज' र 'आश्वासन होइन, लालपुर्जा चाहिन्छ' लगायतका नारासहित दैनिक प्रदर्शन गर्दै आएका छन्।

उनीहरूका अनुसार वि.सं. २०२८ मा करिब ६० बिघा क्षेत्र ब्लक जग्गाका रूपमा अभिलेख कायम गरिएको थियो। सोही आधारमा १० बिघे ब्लक क्षेत्रका केही व्यक्तिले यसअघि नै लालपुर्जा प्राप्त गरिसकेकाले बाँकी समान प्रकृतिका जग्गाधनीलाई पनि तत्काल लालपुर्जा वितरण गर्नुपर्ने माग गरिएको छ।

**विवाद समाधानका लागि पाँच सदस्यीय समिति**

विर्टौरी जग्गाको दर्ता तथा स्वामित्व विवाद समाधान गर्न नेपाल सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ।

असारको सुरुमै गठन गरिएको समितिलाई १५ दिनभित्र समस्याको अध्ययन, समाधानका उपाय तथा दीर्घकालीन कार्ययोजनासहित प्रतिवेदन सरकारसमक्ष बुझाउने जिम्मेवारी दिइएको छ। समितिले राजविराज पुगेर स्थलगत अध्ययन, सरोकारवालासँग छलफल तथा संवाद सम्पन्न गरिसकेको छ। समितिको प्रतिवेदनका आधारमा सरकारले आवश्यक निर्णय प्रक्रिया अघि बढाउने अपेक्षा गरिएको छ।

## सिरहामा 'मार्भल' ब्रान्डका नक्कली बोरवेल ...............

बरामद गरिएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा बरामद पाइपहरू सम्बन्धित कम्पनीका मौलिक उत्पादन नभई कम्पनीको लोगो अनधिकृत रूपमा प्रयोग गरी तयार गरिएका नक्कली सामग्री रहेको कम्पनीका आधिकारिक प्रतिनिधिले पुष्टि गरेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार हार्डवेयर सञ्चालक ४८ वर्षीय महम्मद साबिर खाँले समेत प्रारम्भिक बयानका क्रममा ती पाइप नक्कली रहेको स्वीकार गरेको उल्लेख गरिएको छ।

घटनापछि प्रहरीले खोलेलाई नियन्त्रणमा लिई बौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन, ट्रेडमार्क दुरुपयोग तथा नक्कली सामग्री बिक्री-वितरणसम्बन्धी कानुनी व्यवस्थाअनुसार थप अनुसन्धान अघि बढाएको जनाएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानले बजारमा स्थापित ब्रान्डको नाम र लोगो दुरुपयोग गरी उपभोक्तालाई झुक्याउने उद्देश्यले नक्कली निर्माण सामग्री बिक्री-वितरण भइरहेको संकेत गरेको छ। सरोकारवालाहरूका अनुसार यस्ता गुणस्तरहीन पाइप प्रयोग गर्दा बोरिङ प्रणालीको कार्यक्षमता र दीर्घायुमा असर पर्नुका साथै उपभोक्ताले आर्थिक नोक्सानी व्यहोर्नुपर्ने जोखिम रहन्छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले बौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन तथा नक्कली सामग्री उत्पादन वा बिक्री-वितरण कानुनविपरीत रहेको उल्लेख गर्दै यस्ता गतिविधिमा संलग्न व्यक्तिमाथि कानुनबमोजिम कारबाही गरिने जनाएको छ। साथै उपभोक्तालाई आधिकारिक विक्रेता तथा प्रमाणित ब्रान्डबाट मात्रै निर्माण सामग्री खरिद गर्न आग्रह गरेको छ।

सीमावर्ती जिल्लाहरूमा पछिल्ला वर्षहरूमा नक्कली ब्रान्डका निर्माण सामग्रीको कारोबार बढ्दै गएको गुनासो आइरहेका बेला सिरहामा भएको यो कारबाहीलाई बजार अनुगमन, उपभोक्ता हित संरक्षण तथा बौद्धिक सम्पत्ति अधिकार कार्यान्वयनका दृष्टिले महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

## संघीयता कसैको ..........

रहन यादवले मधेशी जनतालाई आह्वान गरे। मधेश र मधेशीका हकहितका लागि गठित पार्टीको मूल उद्देश्य सामाजिक न्याय, पहिचान र अधिकारको आन्दोलन भएकाले लक्ष्य प्राप्त नभएसम्म संघर्ष जारी रहने उनको भनाइ थियो।

अध्यक्ष यादवले एउटा निर्वाचनको परिणामलाई अन्तिम सत्यका रूपमा नलिन नेता-कार्यकर्तालाई आग्रह गरे। उनले संगठनलाई गाउँदेखि प्रदेशसम्म थप सुदृढ बनाउँदै आगामी निर्वाचन र राजनीतिक अभियानका लागि अहिलेदेखि नै तयारीमा जुट्न निर्देशन दिए।

उनले डिजिटल युगमा सामाजिक सञ्जाल पार्टीको प्रभावकारी माध्यम बनेको उल्लेख गर्दै नेता-कार्यकर्तालाई सामाजिक सञ्जालमार्फत पार्टीका नीति, विचार र गतिविधि जनतामाझ पुर्‍याउनका लागि सक्रिय हुन आग्रह गरे।




## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ।
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं।
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं।
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं।
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं।
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं।
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं।
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड